प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : १३१ ॥ २०८१ असार ०७ गते शुक्रबार (21st Jun 2024 Friday) Pratidin National Daily मूल्य-रु.५/-

# बालबालिकालाई हेल्मेट लगाइदिएर ट्राफिक सप्ताह शुरु



झापा(प्रस)। सडक अनुशासन तथा सवारी दुर्घटना न्यूनीकरणका लागि झापासहित कोशी प्रदेशभरि ट्राफिक सप्ताह शुरु भएको छ । दुर्घटना न्यूनीकरण तथा सचेतना जगाउने उद्देश्यले पूर्वका १४ जिल्लामा एकसाथ ट्राफिक सप्ताह शुरु भएको हो

कोशी प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालय र नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयको संयुक्त आयोजनामा शुरु भएको ट्राफिक सप्ताहमा ट्राफिक नियम र सडक अनुशासन पालना गराउन सचेतना कार्यक्रमहरु संचालन गर्नुका साथै अनुगमन र कारवाही गरिने बताइएको छ । ट्राफिक सप्ताह कार्यक्रमको बिहीवार विराटनगरमा उद्घाटन गर्दै कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सडक दुर्घटनालाई ५० प्रतिशत घटाउने गरी काम गर्नुपर्ने बताए। उनले सडक दुर्घटना र त्यसबाट घाइते हुनेको अवस्था भयावह भएकाले यसको न्यूनीकरण गर्न व्यक्ति आफै सचेत हुनुपर्ने धारणा राखे।

कार्यक्रममा प्रदेश सरकारले उपलब्ध गराएको ट्राफिक सामग्री मुख्यमन्त्री कार्कीले नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीका प्रहरी उपरीक्षक सरोज पौडेललाई हस्तान्तरण गरे भने ट्राफिक व्यवस्थापनमा सहयोग गर्ने ७ जनालाई सम्मानसमेत गरिएको थियो ।

यता झापामा पनि दुई पांग्रे सवारी बढी मात्रामा दुर्घटनामा पर्ने गरेकाले जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले बालबालिकालाई हेल्मेट लगाइदिएर ट्राफिक सप्ताह शुरु गरेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोडबाट विभिन्न संघ संस्थासहित शुरु भएको र्यालीले बिर्तामोड नगर क्षेत्रको परिक्रमा गरेको थियो । सचेतनामूलक प्लेकार्डसहित शुरु भएको र्यालीमा प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोला, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक मिलन केसी, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपाने, बिर्तामोड खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका अध्यक्ष मेघराज बास्तोला, इलाका प्रहरी कार्यालय अनारमनीका प्रमुख प्रकाश विष्टलगायतका व्यक्तिहरु र्यालीमा सहभागी थिए ।

त्यस्तै सशस्त्र प्रहरी बल २ नम्बर गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक कविन्द्र राई, अरिदमन गण चारआलीका गणपति प्रमुख प्राजु बस्न्यात, राष्ट्रिय अनुसन्धान विभाग झापाका प्रमुख कुलचन्द्र नेपाल , नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीलगायतको कार्यक्रममा सहभागिता रहेको थियो ।

प्रमुख जिल्ला अधिकारी बास्तोला र जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक केसीले दिश्रेया चौधरी र सदिपन गौतमलाई हेल्मेट लगाइदिएर कार्यक्रम उद्घाटन गरेका थिए । नेपालमा मानिसहरूले अधिक सडक यातायात प्रयोग गर्ने र दुर्घटना समेत बढी हुने गरेकाले जनचेतनामार्फत दुर्घटना न्यूनीकरण गर्न सकिने जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी निरीक्षक नवराज न्यौपानेले बताए ।

सप्ताहव्यापी रूपमा मनाइने कार्यक्रममा 'सातै दिन सातै काम' नाराका साथ ट्राफिकसँग सम्बन्धित अलगअलग कार्यक्रम गरिने प्रहरी निरीक्षक न्यौपानेले जानकारी दिए। एक हप्ताको अवधिमा ट्राफिक सचेतना जगाउने विभिन्न कार्यक्रमहरू गरिने उनले जानकारी दिए ।

यसैबीच जिल्ला ट्राफिक प्रहरी कार्यालय झापालाई सहयोग गरेको भन्दै पुष्प भण्डारीलाई सम्मान गरिएको थियो ।

केयर फष्ट फार्मेसी एण्ड केयर फस्ट डाइग्नोष्टिक सेन्टरका सञ्चालक भण्डारीलाई प्रमुख जिल्ला अधिकारी बास्तोलाले सम्मान गरेका हुन् । उनले जिल्ला ट्राफिक प्रहरी कार्यालय झापामा कार्यरत प्रहरी अस्वस्थ भएमा निःशुल्क उपचार गर्दै आएका छन् । योसंगै उनले सवारी दुर्घटना न्यूनीकरणका लागि गरिने विभिन्न कार्यक्रममा सहयोग पुर्याउँदै आएको जनाइएको छ ।

# रतुवा खोलाले बगाएर एकजनाको मृत्यु



झापा(प्रस) । दमकको रतुवा खोलाले बगाएर एकजनाको मृत्यु भएको छ ।

बिहीवार बिहान अन्दाजी ८ बजेको समयमा दमक नगरपालिका वडा नं.७ स्थित रतुवा पुल छेउमा दमक नगरपालिका वडा नं.१ सरस्वती टोल बस्ने ५३ वर्षीय मोहन रामदाम (बि.क.)को शव फेला परेको हो । उनका आफन्त घटनास्थलमा आएर शवको पहिचान गरेको प्रहरीले जनाएको छ । रामदामलाई रतुवा खोलाले बगाई ल्याईरहेको अवस्थामा स्थानीयले देखेर तत्काल खोलाबाट बाहिर किनारमा निकाली हेर्दा मृत्यु भइसकेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय दमकमा खवर प्राप्त हुनासाथ थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि टोली खटिएको सो सम्बन्धमा थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# इलाममा खानेपानी सेवा अवरुद्ध



झापा(प्रस) । इलाममा खानेपानी आपूर्ति अवरुद्ध भएको छ ।

खानेपानीको गीताङ खोला मेनलाइन - टोड्के खण्डमा भारी वर्षाका कारण मेन पाइपमा क्षति भएका कारण खानेपानी अवरुद्ध भएको हो । खानेपानी कार्यालयले सूचना जारी गरी बिहीवार र शुक्रवार खानेपानीको नियमित आपूर्तिमा असहज हुने बताउँदै साथै उक्त क्षेत्रमा मर्मत कार्य तिब्र भइरहेको जानकारी दिएको छ ।

# झापाका दुईजना शिक्षकले त्यागे राजनीतिक दलको सदस्यता

झापा(प्रस) । झापाका दुईजना शिक्षकले राजनीतिक दलको सदस्यता त्यागेका छन् । सदस्यता त्याग्नेमा एकजना नेपाल शिक्षक संघका र अर्का नेपाल शिक्षक संगठनका रहेका छन् । शिक्षामन्त्री सुमना श्रेष्ठले पदभार ग्रहणपछि शिक्षकलाई दलको सदस्यता त्याग गर्न निर्देशन दिएकी थिईन् । त्यसपछि जिल्लाका दुईजना शिक्षकले पद त्यागेको शिक्षा विकास तथा समन्वय इकाई झापाका प्रमुख राजकुमार विकले बताए ।

इकाईले पनि पटक पटक पत्र पठाएर राजनीतिक दलको सदस्यता त्याग्न आग्रह गरेको उनले जानकारी दिए । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले देशभरका ८ सय २५ जना शिक्षकले राजनीतिक दलको सदस्यता त्याग गरेको जनाएको छ ।

उता विभिन्न दलमा आबद्ध शिक्षकले धमाधम आफू सङ्गठित दलबाट राजीनामा दिन थालेका छन् । मोरङको उर्लाबारी, पथरीशनिश्चरे र कानेपोखरीका शिक्षकले राजीनामा दिएको सम्बद्ध पार्टीका पदाधिकारीले जनाएका छन् ।




राजीनामा दिएको र राजीनामा स्वीकृत भएको विवरण नियामक निकाय जिल्ला शिक्षा समन्वय इकाई मोरङमा भने पुगेको छैन । मोरङको पथरीशनिश्चरेका कांग्रेसनिकट नेपाल शिक्षक संघका ३७ जना शिक्षकले राजीनामा दिइसकेको सो दलले जनाएको छ । कांग्रेस पथरीशनिश्चरेका सभापति रूपनारायण भट्टराईले शिक्षकले दिएको राजीनामा आफूले माथिल्लो निकायमा पठाइसकेको बताए । एमालेनिकट शिक्षकले पनि पार्टी सदस्यताबाट राजीनामा दिइसकेका छन् । पथरीशनिश्चरेका एमालेनिकट नेपाल शिक्षक सङ्गठनमा आबद्ध ९३ जनाले राजीनामा दिएको एमालेनिकट नेपाल शिक्षक सङ्गठनका नेता अर्जुनकुमार बुढाथोकीले बताए ।

उर्लाबारी नगरपालिकाका शिक्षकले पनि दलको सदस्य धमाधम त्याग गरिरहेका छन् । नगरको ७ नम्बर वडाका सभापति मदन प्रसाईँले वडामा ७ जना शिक्षकको राजीनामा आएको बताए । "नगरका संघमा आबद्ध ११३ जना शिक्षक छन् । वडामा राजीनामा दिएका छन्" नेपाल शिक्षक संघ उर्लाबारीका सभापति चूडामणि नेपालले वडामा राजीनामा दिएको उनले बताए ।

नेपाल शिक्षक सङ्गठन उर्लाबारीका अध्यक्ष रुद्रप्रसाद न्यौपानेले भने, "नगरमा १७२ जना सङ्गठनमा आबद्ध शिक्षक हुनुहुन्छ । तीमध्ये पार्टीको सदस्य लिनुभएका सदस्यले धमाधम राजीनामा दिइरहनु भएको छ ।" नेपाल शिक्षक सङ्गठन कानेपोखरीका अध्यक्ष सञ्जीव खड्काले भने, "कानेपोखरीभित्रका १२५ सङ्गठनमा आबद्ध शिक्षकमध्ये ४६ जना सङ्गठित सदस्य छन् ।" खड्काका अनुसार उनीहरू सबैको राजीनामा स्वीकृत भइसकेको छ । कानेपोखरी कांग्रेस सभापति योगेन्द्रप्रसाद दाहालले राजीनामा धमाधम आइरहेको र स्वीकृतिको प्रक्रियामा रहेको बताए ।

शिक्षकहरूले दल त्याग गरेको औपचारिक सूचना अझै जिल्ला शिक्षा समन्वय इकाई मोरङमा आइनपुगेको इकाई प्रमुख टङ्कप्रसाद गौतमले बताए । हालसम्म जहदा गाउँपालिकाका ६ जना शिक्षक र ग्रामथानका १५ जना शिक्षकले दल त्यागेको सूचना प्राप्त भएको छ । सबैतिर राजीनामाको कुरा सुनिए पनि कार्यालयमा कुनै जानकारी नआएको गौतमले बताए ।

संविधानको धारा ३३ मा ' प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको सर्त, अवस्था र बेरोजगार सहायता संघीय कानुन बमोजिम हुनेछ' व्यवस्था छ । शिक्षा ऐन २०७३ ले रोजगारीका सर्तमा दलीय सदस्यता लिन नपाउने व्यवस्था गरेको छ । गौतमले कानुनअनुसार नै सरकारी कर्मचारीले दलीय सदस्यता त्याग्नु पर्ने बताए ।

# कन्काई नदीको कटानले ९ परिवार विस्थापित

झापा(प्रस)। कन्काई नदीको कटानले झापा शिवसताक्षीका ९ परिवार बिस्थापित भएका छन् ।

बुधवार राति ८.३० बजेको समयमा शिवसताक्षी नगरपालिका १० बिहानी टोलको पश्चिम तर्फबाट कन्काई माई खोलाले कटान सुरु गरेपछि त्यस टोलका बासिन्दा विस्थापित बनेका हुन् ।



अति जोखिम रहेका ९ परिवार बिस्थापित बनेकोमा ७ परिवारलाई शिवसताक्षी नगरपालिकाको १० नम्बर वडा कार्यालयको समन्वयमा सोही ठाउँमा रहेको मुक्तिघाटको भवनमा स्थानान्तरण गरिएको छ । दुई परिवार भने लालपानीस्थित आफ्नै घरमा गएका छन् ।

वडा नं १० बस्ने पञ्ची ऋषिदेव, पुष्प ऋषिदेव, करण ऋषिदेव, वीरेन्द्र ऋषिदेव,प्रेम उप्रेती, गोलबट्टी ऋषिदेव र टुना ऋषिदेवको परिवारलाई स्थानान्तरण गरिएको वडाध्यक्ष हर्कबहादुर सिगुले बताए। १४ जना बालबालिकासहित ३४ जना बिस्थापितहरुलाई खाने व्यवस्था वडा कार्यालयले मिलाएको छ ।




# विराटनगरमा पाहुना आएका युवकको हत्या




झापा(प्रस)। विराटनगरमा पाहुना आएका एक जना युवकको हत्या भएको छ । सुनसरीको दुहवी नगरपालिका-१२ का २३ वर्षीय अक्लेशकुमार यादवको हत्या भएको हो ।

मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतका अनुसार अक्लेश विराटनगर महानगरपालिका-४ इक्राहीस्थित रामलोचन यादवको घरमा पाहुना आएका थिए। उनका अनुसार रामलोचन अक्लेशका ठुलोबुवा हुन् । ठुलीआमाकी छोरी (बहिनी)को बिहेमा आएका बेला अक्लेशको हत्या भएको डीएसपी बस्नेतले बताए ।

विराटनगर-४ का २४ वर्षीय गणेश यादवले चक्कु प्रहार गरेर अक्लेशको हत्या गरेको जानकारी उनले दिए। अक्लेशका ठुलोबुवा रामलोचन र गणेश छिमेकी हुन् । बस्नेतका अनुसार बिहेको कार्यक्रम सकिएपछि गणेश र अक्लेशबीच सामान्य विवाद भएको खुलेको छ। उनीहरुबीच के विषयमा विवाद भएको थियो भनेर यकिन भइसकेको छैन । विवादपछि अक्लेश मोटरसाइकल चढेर आफ्नो घरतर्फ जान खोज्दै थिए। घर जाने तयारीमा रहेका अक्लेशलाई बुधबार राति १० बजेतिर गणेशले चक्कु प्रहार गरेको डीएसपी बस्नेतले बताए। चक्कु प्रहारबाट अक्लेशको बायाँ कोखामा गहिरो चोट लागेको थियो। गम्भीर अवस्थाका उनलाई उद्धार गरेर उपचारका लागि विराटनगरकै नोबेल शिक्षण अस्पताल लगियो ।

उपचारकै क्रममा बिहीबार बिहान ६ बजेतिर अक्लेशको मृत्यु भएको प्रहरीले जनाएको छ। हत्यामा संलग्न गणेश फरार रहेको र खोजी तीव्र पारिएको जानकारी डीएसपी बस्नेतले दिए।

# समाज कल्याण परिषद्लाई सातै प्रदेशमा विस्तार गरिने

झापा(प्रस)। समाज कल्याण परिषद् लाई सातै प्रदेशमा विस्तार गरिने भएको छ। बिहीवार बसेको परिषद् को बोर्ड बैठकको कार्य सञ्चालन समितिले गरेको उक्त निर्णय अनुमोदन गरेको हो ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री तथा परिषद्का अध्यक्ष भगवती चौधरीको अध्यक्षतामा बसेको टोलीसमेत खटाएको छ। बैठकले परिषद्लाई थप व्यवस्थित गर्नका निम्ति डिजिटलाइजेशनमा लैजाने प्रक्रिया अगाडि बढाउने निर्णयसमेत गरेको छ। मन्त्री चौधरले परिषद् को कामकारबाही थप व्यवस्थित गर्न डिजिटलाइजेनशनमा लैजान यसअघि परिषद्लाई निर्देशन दिएकी थिइन् । साथै, बैठकले परिषद्का



बैठकले सेवाग्राहीलाई सहजरुपमा सेवा प्रवाह गर्न सकियोस् भन्ने उद्देश्यले प्रदेश तहमा पनि परिषद्को कार्यालय स्थापना गर्ने कार्य अगाडि बढाएको हो ।

उक्त कार्यका लागि परिषद्ले सम्भाव्यता अध्ययन पदाधिकारीहरुको कार्य विभाजनसमेत परिवर्तन गरेको छ। जसअनुसार अध्यक्ष र सदस्य सचिवमा निहित अधिकारहरु उपाध्यक्ष, कोषाध्यक्ष र बोर्डका सदस्यहरुलाई अधिकार प्रत्यायोजन गर्न प्रक्रिया अगाडि बढाएको छ ।

# कोशी प्रदेशस्तरीय ब्याडमिन्टनप्रतियोगिता सुरु

झापा(प्रस)। संखुवासभाको सदरमुकाम खाँदबारीमा कोशी प्रदेशस्तरीय पुरुष ब्याडमिन्टन प्रतियोगिता बिहीबारबाट सुरु भएको छ।

जिल्ला ब्याडमिन्टन संघको आयोजनामा सुरु भएको प्रतियोगितामा खुलातर्फ विभिन्न प्रदेशका ८ टिम सहभागी छन्। भेट्रान्सतर्फ



कलकत्ता, दार्जिलिङ, सिक्किम र कोशीका ३० जोडी सहभागी छन्।

त्यस्तै, कोशी प्रदेशका बी डिभिजनका ५४ जोडी प्रतियोगितामा सहभागी भएको संघका अध्यक्ष संजिवकुमार श्रेष्ठले बताए।

प्रतियोगितामा पुरुष डबलतर्फ विजयी हुने टिमले ६० हजार नगद पाउने छन्। उपविजेताले ३५ हजारमा चित्त बुझाउनुपर्ने छ। भेट्रान्सतर्फका विजयीले भने ५० हजार र उपविजेताले ३० हजार पुरस्कार पाउने छन् ।प्रतियोगिताको फाइनल खेल असार ८ गते हुनेछ।

# टेलरिङ ब्यवसायीले मन्त्री सुमनालाई बुझाए ज्ञापनपत्र

• **वीरु दर्नाल**

झापा। नेपालभरिका विद्यालयहरुमा एकै कपडा हुनु पर्ने , विद्यालयले सेन्डिकेट गरी आएको पोशाक सबै टेलरिङ ब्यवसायीहरुले काम गर्न पाउनु पर्ने , विद्यालय पोशाकमा अनिवार्य नेपाली उत्पादन नै प्रयोग गरिनु पर्ने जस्ता माग राख्दै शिक्षामन्त्री सुमना श्रेष्ठलाई नेपाल टेलरिङ ब्यवसायी महांघले आज ज्ञापनपत्र महासंघले बुझाएको छ।



महासंघका अध्यक्ष सदिस श्रेष्ठको नेतृत्वको पदाधिकारी तथा सल्लाहकारको टोलीले सिंहदरबारमा शिक्षामन्त्री श्रेष्ठलाई ज्ञापनपत्र बुझाएको हो । टोलीमा वरिष्ठ उपाध्यक्ष राजमान महर्जन , उपाध्यक्षद्वय दिपक शिवा , पूर्णबहादुर महर्जन , मीना गोपाली , अन्जान गौतम, गणेशभक्त गोसाई , धिपेन्द्र काररंजित तथा सल्लाहकार जुजुमान श्रेष्ठ रहेका थिए।

सबै विद्यालयमा एकै पोशाक भए विद्यार्थीबिच समान देखिने , एक अर्काप्रति वर्गीय बिभेदको भावना नहुने , अभिभावकले जुनसुकै पसलबाट पनि खरिद गर्न सकिने , कमिशनको अन्त्य हुने आदि जस्ता सुझावसहित मन्त्री श्रेष्ठलाई महासंघले ज्ञापनपत्र बुझाएको हो । मन्त्री श्रेष्ठले महासंघको ज्ञापनपत्रप्रति आफ्नो ध्यानाकर्षण भएको जनाएको महासंघका केन्द्रीय सदस्य तथा झापा अध्यक्ष वीरु दर्नालले जानकारी दिएका छन् ।

# 'जन्ते बाख्रो' आउने




झापा(प्रस)। चलचित्र 'जन्ते बाख्रो' को प्रवर्द्धन पोस्टर सार्वजनिक गरिएको छ। पोस्टरको डिजाइन ट्राइडेन्ट कन्सेप्ट टिमले गरेको हो । प्रदीप भारद्वाजले लेखेको चलचित्रलाई सिमोस सुनुवारले निर्देशन गरेका छन् । चलचित्रको निर्माता सन्तोष गौतम हुन् । ग्रामीण परिवेशको कथामा रहेको चलचित्र त्रिकोणात्मक प्रेमकथामा आधारित छ। चलचित्रमा सौगात मल्ल मुख्य भूमिकामा देखिँदै छन् । चलचित्रका अन्य कलाकार छनोटका चरणमा रहेको निर्देशक सुनुवारले जानकारी दिए।

# यस वर्षको एसईई आगामी चैत ७ देखि

झापा(प्रस)। राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले शैक्षिक सत्र २०८१ को माध्यमिक शिक्षा परीक्षा (एसईई) सम्बन्धी वार्षिक कार्यतालिका सार्वजनिक गरेको छ।

सार्वजनिक गरिएको कार्यतालिका अनुसार यो वर्षको एसईई चैत ७ गतेदेखि हुने भएको छ। बोर्डले पहिलो पटक मितिसहितको तालिका सार्वजनिक गरेको हो ।



परीक्षाको नतिजा भने २०८२ असार ६ गतेभित्र प्रकाशित गरिने भएको छ । सार्वजनिक गरिएको वार्षिक कार्ययोजना अनुसार कक्षा ९ को रजिस्ट्रेसन र कक्षा १० को परीक्षा आवेदन फारम छपाई र वितरण २०८१ कात्तिक १ देखि कात्तिक मसान्तसम्म गरिनेछ। त्यस्तै कक्षा ९ को रजिस्ट्रेसन र कक्षा १० को परीक्षा आवेदन फारम भराउने २०८१ कात्तिक २६ गतेदेखि पौष ७ गतेसम्म हुनेछ।

# बाख्रा खोरहरुको अनुगमन



बिर्तामोड(प्रस)। बिर्तामोड नगरपालिका वडा नम्बर ६ मा निर्माण गरिएका बाख्राको खोरहरुको अनुगमन गरिएको छ।

नगर प्रमुख पवित्रा महतारा प्रसाईले शेर्मा टोलमा पुगेर नगरपालिकाको सहयोगमा निर्माण गरिएका बाख्राका खोरहरुको अनुगमन गरेकी हुन् ।अनुगमनका क्रममा नगर प्रमुख प्रसाईले खोरलाई अझै व्यवस्थित बनाउन सबैलाई सुझाव दिइन्।

बिर्तामोड नगरपालिकाले मेयर पकेट प्याकेज कार्यक्रमअन्तर्गत बाख्रापालनका लागि प्रतिकृषक समूह ४५ वटाका दरले बाख्रा, बीउ बोका, खोर निर्माणका लागि प्रतिखोर ३५ हजार रुपैयाँ, बाख्राको वीमा, खोप, सिजनको घाँस र औषधी उपचारमा समेत सहयोग गर्दै आएको छ।

नगरपालिकाले आर्थिक वर्ष २०७४/०७५ यता ६ सय ७५ वटा बाख्रा, १५ वटा बोयर जातका बोका बितरण र २ सय २५ वटा खोर निर्माण गरेको छ । यसैगरी नगरपालिकाले मेयर पकेट प्याकेज कार्यक्रमअन्तर्गत नै १३ वटा समूहलाई ३ सय ९० वटा बंगुरका पाठा र १३ वटा विर वितरण गरेको छ । नगरले बंगुरपालनका लागि १ सय ९५ वटा खोर निर्माण गरिदिएको छ।

खोर अनुगमनमा नगर प्रमुखसंगै पशुपंछी तथा मत्स्य विकास शाखा प्रमुख सावित्रा दाहाल, सव ईन्जिनियर दिपेश निरौला र स्थानीय समाजसेवी तथा सन्देश बंगुरपालन समूहकी अध्यक्ष आईतमाया शेर्माको सहभागिता रहेको थियो।

# करेसाबारी प्रवर्द्धन गर्न किसानलाई सहयोग



झापा(प्रस)। भद्रपुर नगरपालिकाले किसानलाई करेसाबारी तालिम दिएर कृषि सामग्री पनि वितरण गरेको छ। चालु आर्थिक वर्षमा सहरी क्षेत्र लक्षित करेसाबारी प्रवर्द्धन कार्यक्रमअन्तर्गत करेसाबारीमा तरकारी खेती विस्तार गर्न नगरपालिकाले किसानलाई सहयोग गरेको हो ।

नमूना करेसाबारी प्रवर्द्धन कार्यक्रमका लागि कृषि विकास शाखामा नगरपालिकाको वडा नं ५, ६, ७, ८ र १० बाट सिफारिस भएर छनोटमा परेका नमूना किसानलाई लक्षित गरिएको नगरप्रमुख गणेश पोखेलले बताए। "कुहिने फोहरलाई कम्पोष्ट मल बनाउन सके फोहरको सदुपयोग हुन्छ, तरकारी सप्रिनुका साथै वातावरण स्वच्छ राख्न मद्दत पुग्छ", उनले भने।

यसैगरी नगर उपप्रमुख राधा कार्कीले करेसाबारीमा उत्पादन गरेका खानेकुरा ढुक्क भएर उपभोग गर्न सकिने भएकाले सबै नगरवासीलाई करेसाबारी खेतीमा लाग्न आग्रह गरिन् । "हामीले चाहेका बखत उपभोग गर्न पाउने गरी पुदिना, धनियाँ, अकबरेलगायत बिरुवा रोप्न सक्छौं र सजिलोसँग उपभोग गर्न सक्छौं । किनेर ल्याएको खानेकुरामा विषादी मिसिएको हुनसक्छ, त्यसैले करेसाबारीको उत्पादन निर्धक्क भएर खान सकिन्छ", उपप्रमुख कार्कीले भनिन्।

कृषि विकास शाखाले पाँच वडाबाट ७५ घर छनोट गरी स्प्रे ट्याङ्की, तरकारीको बीउ, कुहाउने जैविक झोल, बीउ राख्ने ट्रे, पानी हाल्ने हजारी, पञ्जा, जैविक विषादी, करेसाबारीका औजार निःशुल्क वितरण गरेको कृषि विकास शाखाका प्रमुख सुमन विमलीले जानकारी दिए।

# झापामा एक सय १२ जना डेंगु बिरामी

झापा(प्रस)। देशभर डेंगु संक्रमितको संख्या १२ सय नाघेको छ।त्यसमध्ये झापामा मात्र एक सय १२ जना संक्रमित रहेका छन्। काठमाडौपछि झापामा डेंगु संक्रमितको संख्या देखिएको हो। ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) का अनुसार डेंगु संक्रमितको संख्या पछिल्लो छ महिनाभित्रमा एक हजार २ सय ४१ पुगेको छ भने संक्रमण ७२ जिल्लामा फैलिएको छ । यो तथ्यांक २०२४ जनवरी १ देखि बुधबारसम्मको हो ।



महाशाखा अनुसार हिमाली जिल्लाहरू मुस्ताङ, डोल्पा, मुगु, हुम्ला र जुम्ला बाहेकका ७२ जिल्लामा डेंगुको संक्रमण पुष्टि भएको छ।

सबैभन्दा बढी डेंगु फैलिएका १० जिल्लामा काठमाडौंमा एक सय ४१ जना, झापामा एक सय १२ जना, चितवनमा ७५, मकवानपुरमा ५९, डोटीमा ४७, तनँहुमा ४६, सिन्धुपाल्चोकमा ४४, ओखलढुंगामा ४१, रुपन्देहीमा २८ र भक्तपुरमा २७ जना संक्रमित भेटिएका छन्।

प्रादेशिक तथ्यांक हेर्दा सबैभन्दा बढी बागमतीमा ४ सय २८ जना, कोशीमा २ सय ८५, गण्डकीमा १ सय ८८, लुम्बिनीमा १ सय ४८, सुदूरपश्चिममा १ सय ४०, मधेश प्रदेशमा ३४ र कर्णालीमा १८ जनामा संक्रमण देखिएको छ।

यस वर्ष डेंगुका कारण विरामीको ज्यान भने गएको छैन। ईडीसीडीका अनुसार सन् २०१९ मा महामारीको रुपमा फैलिएको डेंगुले १७ हजार ९ सय ९२ जना संक्रमित भएकामा ३ जनाको मृत्यु भएको थियो । त्यसैगरी, डेंगुकै कारण २०२२ मा ८८ जना र २०२३ मा २० जनाको ज्यान गएको थियो ।

डेंगु संक्रमण देखिएका विरामीमा उच्च ज्वरोसँगै बेस्सरी टाउको दुख्ने, आँखाको गेडी, हाडजोर्नी, मांसपेशी तथा ढाड दुख्ने, रिंगटा लाग्ने, वाकवाकी/वान्ता हुने लक्षण देखिन्छ । त्यस्तै स्वासप्रस्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने जस्ता लक्षण पनि देखा पर्न सक्ने इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ । मनसुन सक्रिय भएसँगै डेंगी संक्रमणको जोखिम बढ्ने हुँदा नियन्त्रणका लागि सरोकारवाला निकायले सक्रियता देखाउनुपर्ने चिकित्सकहरु बताउँछन् ।


**अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको**

**७ दिने सूचना**

सधियार पूर्व : श्री देउकुमारी गुरुङ्ग, पश्चिमः श्री मन कुमारी चौहान उत्तरः श्री मञ्जु काफ्ले भट्टराई, दक्षिण : बाटोको नाममा जारी गरिएको ।

अर्जुनधारा नगरपालिका, वडा नं. ११ बस्ने श्री नेत्र बहादुर थापा ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला। म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| अर्जुनधारा -११ | - | ४५१८ | ०-० -९.५० | - | २०८१/०३/०७ | २०८१/०२/२८ |

**जनहितमा जारी सूचना**

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

**बिर्तामोड नगरपालिका**
बिर्तामोड, झापा, कोशी प्रदेश


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# प्रदेशको बजेट

**सातै प्रदेशका तर्फबाट शनिबार आगामी आर्थिक वर्ष २०८१/८२ को आय तथा व्ययको अनुमान प्रदेश सभामा प्रस्तुत गरिएको छ । सात वटै प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्रीहरूले प्रस्तुत गर्नुभएको बजेटले संघीयता कार्यान्वयनमा थप मद्दत पुग्नुका साथै प्रदेशस्तरीय विकास र समृद्धिलाई निरन्तरता दिने विश्वास व्यक्त गरिएको छ । प्रदेश सभामा प्रस्तुत बजेटमा बागमती र सुदूरपश्चिम प्रदेश सरकारबाहेक पाँच प्रदेशका तर्फबाट चालु आवको तुलनामा आगामी वर्षको बजेट घटाएर प्रस्तुत गरिएको छ । प्रदेशको आन्तरिक स्रोत वृद्धि हुन नसकेको र संघीय सरकारबाट प्राप्त हुने अनुदानसमेत घटेका कारण बजेटको आकार घटाउन बाध्य हुनु परेको भनिएको छ । आगामी आवका लागि सबै प्रदेशले कुल दुई खर्ब ७८ अर्ब ७० करोड रुपियाँ बराबरको बजेट सार्वजनिक गरेका छन् ; जुन चालु आवको तुलनामा करिब दुई अर्ब रुपियाँले घटेको देखिन्छ । चालु आवका लागि दुई खर्ब ८० अर्ब ४० करोड रुपियाँ बराबरको बजेट सार्वजनिक भएको थियो । बजेटको आकार घटाउनु प्रदेश सरकारको बाध्यता हो । आन्तरिक स्रोत परिचालनमार्फत राजस्व सङ्कलन बढ्ने अवस्था नदेखिनु र संघीय सरकारले दिने कतिपय शीर्षकका अनुदान कटौती गरेपछि बजेटको आकार घटाउनु परेको प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्रीहरूले बजेट प्रस्तुत गर्ने क्रममा सभासमक्ष बाध्यता बताएका छन् । आकार वृद्धि गरेर महत्वाकांक्षी देखिनुभन्दा यथार्थको धरातलमा टेकेर प्रस्तुत गरिँदा नै कार्यान्वयन सहज हुने आर्थिक विश्लेषकहरूको भनाइले प्रस्तुत बजेटको औचित्य पुष्टि हुन्छ ।**

**प्रदेशगत रूपमा हेर्दा सबैभन्दा ठूलो आकारको बजेट प्रस्तुत गरेको बागमती प्रदेशले आगामी आवका लागि ६४ अर्ब ५४ करोड रुपियाँको बजेट सार्वजनिक गरेको छ । चालु आवको तुलनामा करिब दुई अर्ब रुपैयाँले बढी हो । यसैगरी सुदूरपश्चिम प्रदेश सरकारले पनि बजेट बढाएर ३१ अर्ब ६२ करोड ९८ लाख रुपैयाँ पु¥याएको छ । चालु आवमा सुदूरपश्चिम सरकारले २९ अर्ब २६ करोड ५९ लाख रुपैयाँको बजेट प्रस्तुत गरेको थियो । अन्य पाँच वटै प्रदेशले भने बजेटको आकार घटाएका छन् ।**

**मुलुकको आर्थिक समृद्धि, सुशासन र जनचाहना अनुरूपको विकास निर्माण कार्यमा जोड दिँदै परिवर्तनको अनुभूति हुने गरी कार्य गर्न प्रदेशका नीति तथा कार्यक्रममा प्रस्तुत भए अनुसारकै प्राथमिकता क्षेत्र निर्धारण गरेर बजेट प्रस्तुत गरिएको हो । संघीय सरकारको आगामी वर्षको प्रस्तुत बजेटमा समेत झिनो वृद्धि मात्र भएकाले प्रदेशको बजेटमा यसको प्रभाव पर्नु स्वाभाविक मान्न सकिन्छ ।**

Pratidin National Daily
प्रतिदिन



तपाईं जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस्
www.pratidindaily.com

# अर्थतन्त्र उकास्न उद्यमशीलता



• मुरारी ढुङ्गेल

दिगो विकास र आर्थिक क्रियाकलापबिना देशको अर्थतन्त्र उकास्न सम्भव छैन । देशमा स्थिर सरकार भएन, वर्षैपिच्छे सरकार परिवर्तन भइरह्यो, चुलिँदो व्यापार घाटालाई देशले झेल्न विवश भयो भने देशको आर्थिक क्षेत्र डामाडोल हुन्छ । त्यसको असर देशको आर्थिक क्षेत्रमा देखा परिहाल्छ ।

केही समय पहिले नेपालको आर्थिक अवस्था खस्कँदो थियो । नेपाली अर्थतन्त्रको संरचनामा क्रमशः परिवर्तन आइरहेको छ तर यसले गुणात्मक उपलब्धि भने अझै पनि प्राप्त गर्न सकेको छैन । कुल गार्हस्थ उत्पादनमा कृषि र उद्योग क्षेत्रको योगदान घट्ने र सेवा क्षेत्रको योगदान बढ्ने प्रवृत्ति देखिएको छ, जसलाई सरकारले बुझेर त्यही अनुसारको योजना अगाडि सार्न सक्नु पर्छ । व्यापारघाटा र आर्थिक मन्दीले देशको अर्थतन्त्र नै चौपट हुनबाट रोक्न सरकारले पहलकदमी लिनु पर्छ । वैदेशिक व्यापारको क्रममा विश्वका करिब ११५ भन्दा बढी मुलुकसित नेपालले वस्तु आयात तथा निर्यात गर्दै आएको छ । यस प्रकारको आँकडा भए पनि झन्डै ६८ देशमा मात्र नेपाली वस्तु निर्यात हुँदै आएका छन् ।

बजारलाई नजिकबाट नियाल्ने हो भने यसको अवस्था दिन प्रतिदिन गिर्दो छ । बजार अनुगमन र मूल्य समायोजन हुन नसक्दा उपभोक्ता पीडित छन् । नयाँ प्रविधि नयाँ तौरतरिकाको अभावले जति लागतमा जति उत्पादन हुनुपर्ने हो, त्योभन्दा कैयौँ गुणा बढी लागत लगाउनु पर्ने भएकाले उत्पादनमा लागत बढ्दै छ । मूल्यको तुलनाले पनि विदेशी उत्पादनसित नेपालमा उत्पादित वस्तुले प्रतिस्पर्धा गर्न मुस्किल पर्छ र निर्यातमा कमी आउँछ । विदेशी बजारको मागलाई पहिचान गरी सोहीबमोजिम उत्पादन गर्न र बजार विस्तार गर्न सकेको देखिँदैन । त्यसै गरी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि पनि आवश्यक हुन्छ । यसका निम्ति राज्य पक्ष र नेपाली उद्यमी दुवैले जाँगर देखाउनु पर्छ । उत्पादित वस्तु र सेवाको व्यापार दिगो र दीर्घकालीन हुनु पर्छ । तब मात्र निर्यात हुने वस्तुले उचित बजार पाउँछ अनि प्रतिस्पर्धात्मक हुन पनि सघाउँछ ।

नेपालले आफ्नो दिगो विकास र उन्नत आर्थिक समृद्धिका लागि आयातभन्दा निर्यात बढी बनाउनु पर्ने अहिलेको प्रमुख आवश्यकता हो, जसका लागि उद्योग कलकारखानामा लगानी बढाउनु पर्छ । निर्यातको कुरा गर्दा वैदेशिक बजारमा नेपालको तयारी वस्तु र गलैँचा तथा तयारी पोसाकको ठूलो माग रहेको छ । यसका अलावा छालाबाट बनेका सामग्री जस्तै : जुत्ता, झोला, पन्जा आदि तथा जुट र हस्तकलाका सामग्री, चिया, घिउ, अनि नेपाली कागजले पनि उत्तिकै सम्भावना रहेको अर्थ क्षेत्रका जानकारले बताउँदै आएका छन् । यसर्थ यस्ता वस्तु उत्पादन र निकासीमा नेपालले उत्पादकलाई सही सहुलियतमा ऋण उपलब्ध गराउने, उत्पादन गर्न प्रोत्साहन गर्ने जस्ता काम गर्न सके वैदेशिक व्यापार उँभो लाग्न सक्छ ।

अहिले नेपालबाट निर्यात हुने सामानको गुणस्तरका सम्बन्धमा बेलाबखत प्रश्न उठ्ने गरेको छ । विश्व बजारमा ठूलो प्रतिस्पर्धा छ । यो कसैबाट लुकेको विषय होइन । यस विषयमा व्यवसायी र उद्यमी सबै जानकार छन् । वास्तवमा वस्तुको गुणस्तर महत्वपूर्ण कुरा हो । हामीले उत्पादनको परिमाणभन्दा गुणस्तर सुधारमा विचार पु¥याउन सक्नु पर्छ । बरु थोरै उत्पादन होस् तर राम्रो गुणस्तरको होस् भन्ने कुरामा विचार पु¥याइएन भने बजारमा खपत हुन गाह्रो हुन्छ । नेपालले उत्पादन गर्ने वस्तुहरूको प्रायः सबै कच्चा पदार्थ विदेशबाट आयात हुने गर्छ । तसर्थ आगामी दिनमा नेपालले पनि आफ्ना प्राकृतिक स्रोतको उत्खननलगायत उत्पादनका लागि आवश्यक कच्चा पदार्थको उत्पादन गर्न सक्नु पर्छ, जसले वस्तुको उत्पादन लागत घटाउन मद्दत पु¥याउँछ । यद्यपि नेपालले यो क्षेत्रमा दीर्घकालीन उत्पादन योजना मुताविक काम गरेको पाइँदैन । तत्काललाई भन्दा भविष्यलाई विचार गरेर कलकारखाना उद्योगधन्दा खोलिनु पर्छ, जुन वस्तुको उत्पादन हुन्छ त्यसको दिगो वातावरण निर्माण गर्नु पर्छ ।

उत्पादित वस्तु निर्यातमा वृद्धि गर्न गुणस्तर युक्त सामान उत्पादन हुनु आवश्यक छ । यसका निम्ति दक्ष जनशक्ति, मेसिन तथा औजार र आवश्यक लगानी चाहिन्छ । आवश्यक परे यस्ता विषयमा विदेशबाट सहयोग लिन सक्नु पर्छ । यसका निम्ति सरकारले पनि खर्च बढाउँदै लैजानु पर्छ । यस क्षेत्रमा छुट्याएको रकम समयभित्र नै खर्च गर्नु पर्छ । विगतका सरकारले जुन क्षेत्रका लागि रकम छुट्याएको हो, त्यस क्षेत्रमा खर्च नभएर फ्रिज हुने गरेको परिपाटीलाई अब अन्त्य गर्नु पर्छ । नेपाली वस्तु उत्पादन गरी त्यसलाई निर्यातयोग्य बनाउने काममा राज्यले लगानी गर्नु पर्छ ।


नेपालमा उत्पादन भएका ऊनी गलैँचाको ७५ प्रतिशत जर्मनीमा खपत हुन्छ भने सम्पूर्ण तयारी पोसाकको ८० प्रतिशत खपत अमेरिकाले मात्रै गरिरहेको वर्तमान परिवेशलाई बुझेर बाँकी देशमा पनि व्यापार बढाउन पहलकदमी गर्नु आजको माग हो । केही वर्षअघि मित्रराष्ट्र भारततर्फ कृषिमा आधारित वस्तु निर्यात हुन्थ्यो तर वर्तमान परिस्थितिमा भारतबाट नेपालमा कृषिजन्य वस्तुको आयात बढ्दै गएको छ । बङ्गलादेश, श्रीलङ्का, इटली, बेलायत, फ्रान्स, बेल्जियम, स्विट्जरल्यान्डलगायत मुलुकमा नेपाली सामान निर्यात हुने हुँदा त्यस्ता देशको बजारलाई मध्यनजर गर्दै वस्तुको उत्पादन गरिनु पर्छ ।

देशको आर्थिक विकासमा औद्योगिकीकरणको महत्वपूर्ण योगदान हुन्छ । औद्योगिकीकरणका लागि न्यूनतम पूर्वाधार तथा भौतिक सुविधाको सुनिश्चितता भएको विशेष स्थानलाई औद्योगिक क्षेत्र भनिन्छ । नेपालको औद्योगिक क्षेत्र सुधार हुन नसक्नुका पछि धेरै कारण छन् । सही र दीर्घकालीन सोच भएको नीति बनाउन नसक्नु पनि एउटा कारण हो । भूपरिवेष्टित मुलुकलाई पारवहन समस्या पनि पर्न सक्छ । यसका लागि भएका सम्झौताको उपभोग हामीले गर्न सक्नु पर्छ । विशेष गरी अन्तर्राष्ट्रिय बजार हेरी हामीले गुणस्तरीय वस्तु उत्पादन गर्न सक्नु पर्छ । अनि मात्र हाम्रो व्यापार सन्तुलनमा कायम राख्न सक्छौँ । यसका लागि ऐन, कानुन, नीतिनियम अभाव छन् भने तुरुन्तै ल्याउनु पर्छ ।

औद्योगिक क्षेत्रका लागि पक्की सडकको पहुँच र उद्योगहरूको जडित क्षमतालाई धान्ने गरी छुट्टै प्रसारण लाइनमार्फत अविच्छिन्न विद्युत् आपूर्तिको व्यवस्था गर्नु पर्छ । उद्योग स्थापनाका लागि पर्याप्त जमिन, ढल निकास र चौबिसै घण्टा शुद्ध खानेपानीको व्यवस्था गर्नु पर्छ ।

कुनै पनि उद्योग सञ्चालनका लागि अनिवार्य आवश्यकताको रूपमा रहेको विद्युतीय व्यवस्थादेखि अन्य पूर्वाधारमा ध्यान दिनु पर्छ । केही वर्ष पहिले विद्युतीय अभावमा उद्योगहरू बन्द हुने अवस्थामा थिए तर अहिले त्यो अवस्था छैन । विगत झैँ अहिले लोडसेडिङको अवस्था छैन । उद्योग तथा कलकारखानाका लागि यो खुसीको कुरा हो । उद्यमीहरूलाई विद्युत् सहजै आपूर्ति गर्न सरकारले चाँजो मिलाउनु पर्छ । अहिले सरकारले लोडसेडिङ अन्त्यको अवधारणा अघि सारेको छ । उद्योगीलाई उचित वातावरण लगानीको सुनिश्चितता हुन सके उद्योगी लगानी गर्न इच्छुक हुन्छन् । यस्ता खालका समस्या समाधान गर्नेतर्फ नेपाल सरकारले जागरुकता देखाउन सक्नु पर्छ । राज्य स्तरबाट पहलकदमी नभएसम्म वैदेशिक व्यापारमा विस्तार तथा सुधार हुन सक्दैन । वैदेशिक व्यापारमा सुधार नआएसम्म नेपालको आर्थिक अवस्था माथि उठ्न सक्दैन ।

# बजेट कार्यान्वयनका जटिलता



• कृष्णमणि पराजुली

आर्थिक वर्ष ८१/८२ का लागि १८ खर्ब ६० अर्ब ३० करोडको बजेट व्यवस्थापिका संसद्को संयुक्त सदनमा पेस भइसकेको छ । अहिले बजेटबारे विभिन्न टीकाटिप्पणी पनि आई नै रहेका छन् । यो स्वाभाविक पनि हो किनभने बजेट कस्तो आयो, कति आयो र बजेटले कस्ता कस्ता आयोजना तथा कार्यक्रम समेटेको छ भन्ने सन्दर्भमा सर्वसाधारणमा चासो जोडिएको हुन्छ । यस कारण बजेट साधारण दस्तावेज मात्र नभएर जनजीविकासँग सरोकार राख्ने भएकाले सबैका लागि महत्वपूर्ण हुने गर्छ ।

बजेट तर्जुमाको अवस्थामा जुनसुकै अर्थमन्त्रीलाई पनि दबाब परेकै हुन्छ । अर्थमन्त्रीसँग सीमित वित्तीय साधनस्रोत हुन्छ तर बजेटले धेरै क्षेत्र समेट्नुपर्ने भएकाले बजेटको सन्तुलन मिलाउन निकै कठिन हुने गर्छ । आव ८१/८२ को बजेट तर्जुमा गर्दा पनि अर्थमन्त्रीलाई सकस भएको सार्वजनिक भएको थियो । सुझबुझका साथ आएको सानो आकारको १८ खर्ब ६० अर्बको बजेट आर्थिक अनुशासनभित्रै रहेको देखिन्छ । बजेट सानो ठूलोभन्दा पनि कार्यान्वयन पक्ष प्रभावकारी हुनु पर्छ ।

बजेटको संरचना हेर्दा यसलाई नराम्रो भन्न सकिँदैन । वित्तीय साधनस्रोतको अभाव हुँदाहुँदै पनि बजेट सन्तुलित देखिन्छ । सीमित साधनले भ्याउने गरी बजेट आएको यथार्थतालाई बुझ्नु पर्छ । असीमित आवश्यकतालाई कुनै न कुनै रूपमा अर्थमन्त्रीले सम्बोधन गर्नै पर्छ । त्यस कारणले गर्दा सरकारले उठाउने राजस्व केही महत्वाकांक्षी देखिए पनि अर्थमन्त्रीको आफ्नै बाध्यता रहेका देखिन्छन् ।

अहिले देशको अर्थतन्त्र शिथिल हुँदै गएको अवस्थामा १२ खर्ब ६० अर्बको राजस्व उठ्न सक्छ भन्ने कुरामा शङ्का गर्न नसकिने होइन । बुझ्नपर्ने कुरा के छ भने बजेटको भरपर्दो आम्दानीको स्रोत भनेको राजस्व हो र यो राज्यको क्षेत्रभित्रको विषय हो । आन्तरिक व्यवस्थापनमा सुधार गरेर अर्थतन्त्रमा सुधार ल्याउन सकिन्छ । कमजोर अवस्थामा रहेका उद्योगधन्दा कलकारखाना र व्यापार व्यवसायलाई सहजीकरण तथा सुविधा उपलब्ध गराएर सुधार गर्न सकिन्छ । निजी क्षेत्रलाई चलायमान बनाउन सकियो भने राज्यले १२ खर्ब ६० अर्बको राजस्व उठाउन त्यति कठिन हुने देखिँदैन तर राज्यको तर्फबाट केही प्रयास नहुने हो भने बजेटले अपेक्षा गरेको राजस्व पनि उठ्न नसक्ने हुन्छ । कुल अर्थतन्त्रको संरचनामा ८० प्रतिशतभन्दा बढी निजी क्षेत्रको योगदान रहेको हुनाले यस क्षेत्रको विकासबिना राष्ट्रिय अर्थतन्त्रमा सुधार आउन सक्दैन ।

राजस्वले लक्ष्य भेट्टाउन त्यति सजिलो भने देखिँदैन । किनभने अर्थतन्त्रका अधिकांश सूचक खस्कँदै गएका छन् । अर्थतन्त्रको बाह्य क्षेत्रमा सुधार देखिँदैमा अर्थतन्त्र ठिक अवस्थामा छ भन्न सकिँदैन । विप्रेषणको कारणले गर्दा अहिले विदेशी मुद्रा सञ्चितिमा राम्रो प्रभाव परेको छ । करिब १४ महिनाको आयात धान्न पुग्ने रकम सञ्चित भएको देखिन्छ । विदेशी मुद्राको सञ्चिति बढ्दैमा पनि अर्थतन्त्रमा सुधार हुने होइन । मुख्य समस्या भनेको त्यसलाई कसरी उत्पादनशील क्षेत्रमा लगानी प्रवाह गर्ने भन्ने नै हो । अहिले कुल विप्रेषणको ६८ प्रतिशत रकम उपभोगमा नै खर्च हुने गर्छ र बाँकी ३२ प्रतिशत मात्र उत्पादनशील क्षेत्रमा प्रवाह भएको तथ्याङ्कले देखाएको छ । विप्रेषणको रकम के कसरी लगानी भइरहेको छ भन्ने बारेमा भने अध्ययन अनुसन्धान गर्नु पर्ने अवस्था देखिन आउँछ ।

राजस्वको लक्ष्य हासिल गर्न अर्थमन्त्रीले राजस्वका दरमा केही परिवर्तन र करको दायरालाई पनि फराकिलो बनाएका छन् । अर्को कुरा राजस्व प्रशासनमा कुनै सुधार नगरी राजस्वको लक्ष्य हासिल गर्न नसकिने देखिएको हुँदा सुधारका कुरा पनि बजेटले सम्बोधन गरेको छ । त्यस कारण सरकारले दृढताका साथ राजस्व क्षेत्रमा सुधार गर्न अघि बढ्ने हो भने राजस्वले लक्ष्य प्राप्त गर्न सक्ने देखिन्छ ।

अहिले शासकीय र प्रशासकीय संरचना फराकिलो बन्दै गएको छ । देशमा ७६१ ओटा त सरकार नै छन् । तिनीहरूको सञ्चालनमा ठूलो रकमको आवश्यकता भएकै हुन्छ । त्यसरी नै प्रशासकीय संरचना पनि बढ्दै गएको अवस्था छ । मूलतः यी दुई संरचनाले गर्दा सरकारलाई चालुगत खर्च चलाउन पनि धेरै बजेटको आवश्यकता पर्छ । यी यस्ता खर्च हुन जुन खर्च नगरी हुँदै हुँदैन । त्यस कारण चालुगत खर्चका लागि छुट्ट्याइएको ११ खर्ब ४० अर्बको बजेटलाई महत्वाकाङ्क्षी भन्न सकिँदैन । सामाजिक सुरक्षा भत्तालगायत अन्य भत्तामा ठूलो रकम खर्च हुँदै आएको छ, यो अर्थमन्त्रीको बाध्यता हो । अनिवार्य दायित्व हुँदाहुँदै पनि अर्थमन्त्रीले चालुगत खर्च कटौती गर्न प्रयास गरेको सराहनीय नै देखिन्छ । चालुगत खर्च बेहोर्ने स्रोत भनेको नै आन्तरिक राजस्वबाट हो, अन्य स्रोत होइनन् । त्यस कारण अहिलेको परिस्थितिमा चालुगत खर्चमा विनियोजित बजेट र सो बजेटको खर्च पूर्ति गर्न लक्ष्य निर्धारण गरिएको १२ खर्ब ६० अर्बको राजस्व महत्वाकांक्षी भन्न सकिँदैन, यो पनि अर्थमन्त्रीको बाध्यता हो ।

१२ खर्ब ६० अर्बको राजस्वले ११ खर्ब ४० अर्बको चालुगत खर्च परिचालन गर्नु पर्ने हुन आउँछ । बाँकी हुन आउने एक खर्ब २० अर्ब पुँजीगत खर्चमा योगदान गर्ने देखिए पनि साधारण खर्च बढ्न जान सक्ने हुन्छ । यो अवस्थामा पुँजीगत बजेट तीन खर्ब ५२ अर्ब मात्र विनियोजन गर्नु पनि अर्थमन्त्रीको बाध्यता नै देखिन्छ । चालुगत खर्च घटाउन नसकिने अवस्थामा अर्थमन्त्रीले चालुगत खर्च बढाए भनेर आलोचना गर्नु पनि मनासिव देखिँदैन । चालु खर्चमा दबाब बढ्न गएकाले पुँजीगत बजेट तीन खर्ब ५२ अर्बमा सीमित गर्नु परेको अवस्था देखिन्छ ।

निश्चय नै अर्थमन्त्रीले चालुगत खर्च कम गर्न सकेको भए पुँजीगत खर्चको योगदान बढी हुन्थ्यो र विकास निर्माण कार्यमा लगानी प्रवाह भएर उत्पादन र उत्पादकत्वमा वृद्धि हुने थियो । वित्तीय साधनस्रोतको सीमितताले गर्दा जनताका आवश्यकता पूरा हुन नसक्ने नै देखिन्छन् । पुँजीगत खर्च बढाउन सकेको भए राम्रो हुने थियो । पुँजीगततर्फ छुट्ट्याइएको तीन खर्ब ५२ अर्बको सानो आकारको बजेटले अर्थतन्त्रमा अपेक्षित सुधार ल्याउने कुरामा भने शङ्का गर्ने ठाउँ रहेको छ ।

पुँजीगत खर्चमा योगदान गर्ने अर्को स्रोत भनेको ऋण हो । आव ८१/८२ सम्मको कुल ऋण २४ खर्बको हाराहारीमा पुगेको छ । आव ८१/८२ मा विनियोजित गरिएको आन्तरिक ऋण तीन खर्ब ३० अर्ब र विदेशी ऋण दुई खर्ब १७ अर्ब ६७ करोड गरी जम्मा ऋण पाँच खर्ब ४७ अर्ब ६७ करोड समावेश गर्दा कुल राज्यले तिर्नु पर्ने ऋण करिब ३० खर्ब पुग्ने देखिन्छ । यो ऋणको साँवा ब्याज भुक्तानी अनिवार्य रूपमा गर्नुपर्ने भएकाले तीन खर्ब ६७ अर्ब वित्तीय व्यवस्थापनतर्फ छुट्याउनु पर्ने अर्थमन्त्रीको बाध्यता नै हुन आउँछ ।

तीन खर्ब ३० अर्ब आन्तरिक ऋण उठाउने भनिएको छ । यो ऋण पनि अनुशासनभित्रै रहेको देखिन्छ किनभने कुल गार्हस्थ उत्पादनको ५.५ प्रतिशत ऋण लिन सकिने भएकाले सीमाभित्रै रहेको छ । अहिले कुल गार्हस्थ उत्पादन ६७ खर्ब पुग्ने अनुमान राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रक्षेपण गरेको छ ।

अन्तर्राष्ट्रिय मान्यता अनुसार कुल गार्हस्थ उत्पादनको ५० प्रतिशतसम्मको ऋणलाई स्वीकार गरिएको पाइन्छ । अहिले हाम्रो कुल ऋण ३० खर्बभन्दा माथि गएको छैन । कुल गार्हस्थ उत्पादनसँग तुलना गर्दा ४६ प्रतिशतको हाराहारीमा छ । त्यस कारण देश ऋणमा गलपासो प¥यो भन्न सकिँदैन । मुख्य समस्या भनेको यसको प्रयोग कसरी हुन्छ भन्ने नै हो । अन्तर ाष्ट्रिय अभ्यासको अध्ययन गर्दा कुल गार्हस्थ उत्पादनको ८० प्रतिशतभन्दा बढी ऋण लिएर विकास गरेका पनि छन् । त्यस कारण ऋण लिँदैमा आत्तिनु पर्दैन ।

नेपाल जस्तो अति कम विकसित मुलुकले ल्याउने भनेको घाटाको बजेट नै हो । शङ्का के गर्न सकिन्छ भने करिब १२ खर्बको आम्दानीले कसरी १८ खर्बको खर्चलाई सम्बोधन गर्न सक्छ भन्ने कुरा पनि आइरहेको छ । ५/६ खर्बको घाटाको बजेट नल्याई सुखै थिएन अर्थमन्त्रीलाई । किनभने चालुगत खर्च घटाउनै सकिँदैन । यसका लागि भने पनि राजस्वको लक्ष्य १२ खर्ब ६० अर्ब राख्नु बाध्यता नै देखिन्छ । बजेट राम्रोसँग कार्यान्वयन गर्न सकियो भने अल्पविकसित देशहरूका लागि घाटाको बजेट उपयुक्त हुने गर्छ किनभने उत्पादनशील क्षेत्रमा लगानी प्रवाह गर्दा अतिरिक्त लाभ लिन सकिने हुन्छ । प्रभावकारी किसिमले यही १८ खर्बको बजेट कार्यान्वयन गर्न सकियो भने छ प्रतिशतको आर्थिक वृद्धि र ५.५ प्रतिशतको सीमाभित्र मूल्यवृद्धि नियन्त्रण गर्न सकिने देखिन्छ ।

मुख्य समस्या भनेको बजेट कार्यान्वयनमा हो । कार्यान्वयन प्रभावकारी किसिमले हुन सक्यो भने सानो आकारको बजेटबाट पनि धेरै फाइदा लिन सकिने हुन्छ । बजेट ठूलो आकारको बनाउने र खर्च गर्न नसक्ने हो भने त्यस्तो बजेटले अर्थतन्त्रमा खासै योगदान पु¥याउन सक्दैन । विगत वर्षको बजेट अध्ययन गर्दा त्यस्तै भएको देखिन्छ । आव ८०/८१ को लागि पुँजीगततर्फ तीन खर्ब पाँच अर्बको बजेट विनियोजन भएकोमा आव सकिँदै लाग्दा पनि ४३.३ प्रतिशत मात्र खर्च भएको छ । एकातिर बजेट खर्च हुन सकेको छैन भने सार्वजनिक निर्माण कार्यको भुक्तानी नभएको भनी निर्माण व्यवसायीको गुनासो आएको छ । यस्ता विषय तर्फ बजेटको ध्यान जान सक्यो भने अर्थतन्त्र चलायमान हुन सक्छ ।

अब आउने समस्या भनेको पनि पुँजीगत बजेट खर्च गर्न नसक्नु नै हो । खर्च बढाउन आवको सुरुवातदेखि नै कर्मचारीको उचित व्यवस्थापन, प्रशिक्षण आर्थिक ऐन नियममा संशोधन, जग्गा प्राप्ति, रुख कटान, शोधभर्ना, विभिन्न तहका सरकारबिच समन्वय जस्ता सामान्य समस्या समाधान हुन नसकेको कारणबाट पनि विकास निर्माण कार्यले गति लिन सकिरहेको छैन । यस्ता कुरामा ध्यान दिएर अर्थतन्त्रलाई चलायमान बनाउन सकिने हुन्छ । त्यस कारण बजेट कार्यान्वयन गर्न त्यति कठिन छैन तर सवाल छ प्रतिबद्धताको ।

# बजेट विनियोजनको मागसहित नगर प्रमुखलाई ज्ञापनपत्र

झापा(प्रस) । नेपाली कांग्रेस अर्जुनधारा नगरपालिका समन्वय एवं सहजीकरण समितिले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन एवं विकास निर्माण क्षेत्रमा नगरस्तर र वडास्तरमा बजेट विनियोजनको माग गर्दै नगर प्रमुखलाई ज्ञापनपत्र बुझाएको छ ।
समन्वय एवं सहजीकरण समितिका संयोजक रञ्जिता कार्कीको नेतृत्वमा गएको नेपाली कांग्रेसका नेता/कार्यकर्ताको टोलीले नगर स्तरीय एवं वडास्तरीय योजनाहरु समेटेर बजेट विनियोजनको मागसहित नगर प्रमुख बलदेव गोम्देनलाई ज्ञापनपत्र बुझाएको हो । नगरपालिकाले नीति, योजना एवं बजेट बनाइरहेका बेला नेपाली कांग्रेसका तर्फबाट सहजीकरण समितिले ज्ञापनपत्र बुझाएको हो ।
ज्ञापनपत्रमार्फत नगरभित्रका सबै सामुदायिक विद्यालयमा कक्षा-१२ सम्म निःशुल्क शिक्षा र कृषि विषयको अध्ययन-अध्यापन, दलित, महिला, जनजाति, बालबालिका, सीमान्तकृत वर्ग लक्षित जीवनोपयोगी सीपसम्बन्धी तालिम, नगरभित्रका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय सम्पदाको संरक्षण र स्तरोन्नति, कृषि क्षेत्रमा 'जहाँ खेती, त्यहाँ विजुली' कार्यक्रम सञ्चालन, कृषकहरुलाई अनुदान तथा कृषि वीमा, पशुको नश्ल सुधार र पशु वीमा, कृषिजन्य उत्पादनको मूल्य निर्धारण एवं बजार ब्यवस्थापन, अति विपन्न नागरिकहरुको पहिचान गरी समयसापेक्ष सीपमूलक तालिम एवं रोजगारीको सिर्जना गर्न माग गरिएको संयोजक कार्कीले जानकारी दिइन् ।

यसैगरी नगर अस्पतालको स्तरोन्नति गरी विशिष्टीकृत सेवा प्रवाह, नगरभित्रका जेष्ठ नागरिक र १० बर्षमुनिका बालबालिकाका लागि पूर्ण निःशुल्क स्वास्थ्य सेवा एवं अन्य उमेर समूहको औषधि खरिदमा ५० प्रतिशत छुटको ब्यवस्था गरिनुपर्ने, लागूऔषधको दुर्व्यसन, महिला हिंसा, घरेलु हिंसा लगायतका विकृति विसंगतिविरुद्ध जनचेतना तथा कानुनी सचेतना अभिबृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनुपर्ने माग गरिएको छ ।
अर्जुनधारा-७ नम्बर वडामा रहेको खेलमैदानलाई स्तरोन्नति गरिनुपर्ने, नगरभित्र बहने नदीहरुले बर्षेनि विपद्का घटना भइरहेको र क्षति बढिरहेकोतर्फ ध्यानाकर्षण गराउँदै ज्ञापनपत्रमा विपद् पूर्वतयारी योजना निर्माण गरी कार्यान्वयन गरिनुपर्ने, टाङटिङ र बिरिङ जलाधार क्षेत्रमा हरित करिडोर निर्माण गरी पूर्व पश्चिम लोकमार्ग (महेन्द्र राजमार्ग) सँग जोडिनुपर्ने, नगरभित्रका खानेपानी तथा सरसफाइ योजनाहरुको स्तरोन्नति गरी सबै नागरिकसमक्ष स्वच्छ पानी पुऱ्याउनुपर्ने, सरल भाडादरमा नगरबस सञ्चालन गर्नुपर्ने, नगरपालिकालाई जग्गा उपलब्ध गराउने दाताको शालिक निर्माण गरिनुपर्ने माग गरिएको छ ।
यसैगरी वडा नं-१ मा शान्तिचोकदेखि मदनपुरसम्म नहर विस्तार गर्नुपर्ने, खैरेनी क्षेत्रको पहिरो नियन्त्रण गरी बाटोको स्तरोन्नति एवं माटे जाने बाटोको स्तरोन्नति गरिनुपर्ने, वडा नं २ मा राते घाटगद्दीदेखि मदन भण्डारी मार्ग जोड्ने सडक, ध्रुव न्यौपानेको घरअगाडिदेखि मदन भण्डारी मार्ग जोड्ने सडक, मिलनचोकदेखि कुमाल गाउँ जाने बाटो, स्थानीय तीनखुट्टे बरबाट मदन भण्डारी मार्ग जोड्ने बाटो, राते गोयाङ पैनीको स्तरोन्नति गरी कपरड्यामको दुवै किनारामा तारजाली ब्यवस्थापन गर्न माग गरिएको छ ।



अर्जुनधारा नगरपालिका वडा नं-३ को सुखानी खोलामा तटबन्ध गर्नुपर्ने, त्रिपुरेश्वर मार्ग, गरुवाचोक-जुकेखाडी मार्ग, मिलन चोक-भोर्लेनी सडक कालोपत्रे, स्थानीय ८ वटा बाटाहरुको स्तरोन्नति गरिनुपर्ने, बुढी सुखानी खानेपानी योजना पूर्ण गर्नुपर्ने, विभिन्न टोलका सिंचाइ आयोजनाहरु सम्पन्न गरी कृषि तथा पशुपालन प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न माग गरिएको ज्ञापनपत्रमा वडा नं-४ को मदनपुर कल्भर्ट-सानो चोक सडक सुधार एवं उक्त बाटोमा पर्ने कल्भर्ट मर्मत, सहसी बस्ती-विन्ध्यवासिनी हुँदै देवानचोक जोड्ने सडक सुधार गर्नुपर्ने माग गरिएको छ ।
वडा नं-५ अन्तरगत फूलमति खोलाको कज्वेमा पुल निर्माण गरिनुपर्ने, अर्जुनधारा-६ मा अधुवाखोला तटबन्ध, युवा लक्षित स्वरोजगार कार्यक्रम सञ्चालन, पशुपति टोलको रोड नं १ देखि ११ सम्मका बाटाहरुको स्तरोन्नति, नालासहित कालोपत्रे एवं विद्युत लाइन सुधार, दासपुल रोडका विभिन्न बाटाहरुको स्तरोन्नति एवं १ नंम्बर रोडमा विजुलीको पोल ब्यवस्थापन, पूर्वेली टोल, बालविकास टोल, छाताचोक पश्चिम, सुकुम्बासी बस्ती, कप्तानबारी-दुर्गामन्दिरको बाटो स्तरोन्नतिसहितका २१ वटा योजना नगरको बजेटमा समावेश गर्न माग गरिएको छ ।
यसैगरी वडा नं-७ मा ९ वटा बाटोको स्तरोन्नति, जीवन उपयोगी सीप र स्वरोजगारी सिर्जना, आधारभूत स्वास्थ्य चौकी भवनको पुनर्निर्माण,वडा स्वास्थ्य कार्यालयमा टिटानसको औषधि भण्डारणका लागि चिस्यान मेसिन खरिदका लागि बजेट ब्यवस्थापन, कृषकहरुलाई मल तथा उन्नत जातको बीउविजन, पशु वीमा र नश्ल सुधारका कार्यक्रमलाई बजेटमा समेट्न माग गरिएको ज्ञापनपत्रमा वडा नं-८ मा विभिन्न ८ वटा बाटोको स्तरोन्नति एवं सन्थाल बस्तीमा निर्माणाधिन पर्खाल निर्माण कार्य सम्पन्न गर्नका लागि बजेट विनियोजन गर्न माग गरिएको छ ।स्थानीय सेतिदेवी मन्दिर परिसरको सातपत्रे खोलामा प्लम निर्माण, अति विपन्न बस्तीका सय घरपरिवारलाई आवास निर्माण, जीवनोपयोगी सीप विकास तालिम, स्थानीय बरडाँडा, रानागाउँ, नर्मदेश्वर शिवालय छेउ, नारायण चोक उत्तर, प्राप्ति टोल लगायतका ५ स्थानमा डिप बोरिङका लागि बजेट विनियोजनको माग गरिएको छ ।
यसैगरी अर्जुनधारा-९ का ६ वटा सडकको स्तरोन्नति एवं कालोपत्रे, गजुरेल, दाहाल, खरबन्दी कठेत खड्का पैनीको मर्मत-सम्भार एवं स्तरोन्नति, १५ वटा डिप बोरिङ र ५० वटा ट्यूववेल, त्यहाँस्थित चारवडा बाल विकास केन्द्रलाई खेल सामग्री ब्यवस्थापन, श्री आधारभूत विद्यालय र खरबन्दी आधारभूत विद्यालयमा भवन निर्माण र कम्पाउण्ड वाल निर्माणका लागि बजेट विनियोजन गरिनुपर्ने माग ज्ञापनपत्रमा गरिएको छ ।
यसैगरी अर्जुनधारा-१० मा पाँचवटा बाटोको स्तरोन्नति एवं कालोपत्रे, डेसा बाँध तटबन्ध र कुलो निर्माण, सेतीपानी जेष्ठ भवन निर्माण, जमदार कुलोको स्तरोन्नतिको माग गरिएको छ भने वडा नं-११ मा पनि विभिन्न सातवटा सडकको स्तरोन्नति एवं कालोपत्रे, स्वाभिमान वस्ती पश्चिमपट्टीको पैनीमा तटबन्ध, टोल नं-४ र ५ मा विजुली पोल ब्यवस्थापनका लागि बजेट विनियोजन गर्न माग गरिएको छ ।
सबै वडाहरुमा आमा समूहका लागि बाजा बजाउने तालिम, सिलाई कटाई एवं उपयोगी सीपमूलक तालिमका लागि बजेट विनियोजन गर्न माग गरिएको ज्ञापनपत्रमा पशु नश्ल सुधार, कृषि विमा र कृषकलाई राहत एवं सिंचाइका लागि स्थान अनुसारको आवश्यकता पूर्ण गर्न बजेट विनियोजनको माग ज्ञापनपत्रमा गरिएको छ ।
नेपाली कांग्रेस झापाले एकसाता अघि पार्टीका तर्फबाट नगर प्रमुख वा उपप्रमुखका विजयी जनप्रतिनिधि तथा उम्मेद्वारहरुको संयोजकत्वमा १५ वटै पालिकामा पालिकास्तरीय समन्वय एवं सहजीकरण समिति गठन गरेको थियो । नेपाली कांग्रेसका तर्फबाट अर्जुनधारा नगरपालिका नगरप्रमुखको उम्मेद्वार रहेकी कार्कीको सयोजकत्वमा गठित 'नेपाली कांग्रेस अर्जुनधारा नगर समन्वय एवं सहजीकरण समिति'का सदस्यहरुमा हेमराज खरेल, जीवनकुमार भण्डारी, भीष्म मिश्र, उपेन्द्र बस्नेत, गिताराज खड्का, पम्फा विश्वकर्मा, गंगाप्रसाद मैनाली, गोपीचन्द्र गौतम रहेका छन् ।

# दुधको बक्यौता तत्काल भुक्तानी गर्न माग

भद्रपुर(प्रस) । नेपाली दुग्ध किसानहरुको बक्यौता रकम तत्काल भुक्तानी पाउने ब्यवस्था मिलाउन माग गर्दै नेपाल किसान महासंघ झापाले प्रधानमन्त्रीसमक्ष ज्ञापन पत्र पठाएको छ । महासंघका अध्यक्ष रतन थिङ्लावोको नेतृत्वमा गएको किसानहरुको टोलीले जिल्ला प्रशासन कार्यालय झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलामार्फत ज्ञापनपत्र पठाएको हो ।



विभिन्न ११ सुत्रीय माग राखेर बुझाइएको ज्ञापनपत्रमा नेपाली किसानले उत्पादन गरेको सबै दुध खरिद गरी मिल्क होलिडेको अन्त्य गरिनुपर्ने, उत्पादनका आधारमा दिइदै आएको अनुदान कार्यक्रम पुनः सञ्चालनमा ल्याइनुपर्ने, सहुलियत कृषि ऋण र पशु विमा अनुदान कार्यक्रम परिणाममुखी बनाइनुपर्ने, कृषि विमामा सरकारका तर्फबाट दिइने अनुदान तत्काल उपलब्ध गराएर किसानलाई विमा वापतको रकम पाउने अवस्था सिर्जना गर्न माग गरिएको छ ।
नेपाललाई खोरेत रोगमुक्त देश घोषणा गरी अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादन पुऱ्याउनुपर्ने, दुग्धजन्य पदार्थको आयात रोकेर आत्मनिर्भर बनाउन पहल गर्नुपर्ने, पाउडर दुध उत्पादन केन्द्रलाई पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्ने, नेपालको आन्तरिक खपत आन्तरिक उत्पादनबाटै गर्ने अनिवार्य ब्यवस्था गर्नुपर्ने, लम्पी स्किन रोगबाट पशुको क्षति ब्यहोरेका किसानलाई तत्काल अनुदान दिइनुपर्ने, बर्खे धानको उचित मूल्य तोकी सरकारले नै खरिद गर्ने ब्यवस्था मिलाउन ज्ञापनपत्रमा माग गरिएको छ ।
सरकारले तत्काल संवोधन गर्नुपर्ने उक्त मागहरु पूरा नभए सडक आन्दोलनमा निस्कन बाध्य हुने चेतावनी दिदै ज्ञापनपत्रमा किसानहरुको समुन्नतिले मात्रै समग्र राष्ट्रको समुन्नति हुनेतर्फ सरकारलाई सचेत गराइएको छ ।
दुग्ध उत्पादक किसानहरुको समस्या समाधान गरेर यस क्षेत्रलाई धरासायी बन्न नदिन प्रधानमन्त्रीको गम्भीर ध्यानाकर्षण गराउँदै ज्ञापनपत्रमा कृषि ऋण कटौती नगर्न पनि आग्रह गरिएको छ ।
'सरकारले दुध उत्पादनका आधारमा दिइने अनुदान हटाउने, पशु विमाको प्रिमियम वापत दिइने अनुदान रकम भुक्तानी नगरी किसानले पालेका पशुको विमा रकम भुक्तानी नहुने वातावरण सिर्जना गरेको छ'-ज्ञापनपत्रमा भनिएको छ-'नेपाली किसानलाई प्रोत्साहन र संरक्षण गर्दै कृषि क्षेत्रमा स्वरोजगारका अवसरहरु बृद्धि गर्न जोडदार माग गर्दछौं ।'

नेपालमा कृषि पेशामा आबद्धमध्ये ८६ प्रतिशत पशुपालन क्षेत्रमा संलग्न रहेको, देशको अर्थतन्त्रमा लगभग ६ प्रतिशत योगदान दुग्धजन्य उत्पादनको रहेको, ३० लाख घरपरिवार प्रत्यक्ष/अप्रत्यक्ष रुपमा दुग्धजन्य उत्पादनमा रहको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।
दुग्ध उत्पादनतर्फ किसानहरुको आकर्षण बढ्दै गएर स्वरोजगारी सिर्जना हुने अवस्थामा सरकारी बेवास्ताका कारण पेशा नै धरासायी हुनेतर्फ गम्भीर हुन सरकारको ध्यानाकर्षण गराइएको छ ।

# भोजपुरमा ट्राफिक सप्ताह सुरु

झापा(प्रस)। भोजपुरमा सचेतनामूलक कार्यक्रम गरेर ट्राफिक सप्ताह २०८१ सुरु भएको छ । बिहीबार सदरमुकाम बजारस्थित सहिदपार्क क्षेत्रबाट ऱ्याली सुरु गरी टुँडिखेल-चारभञ्ज्याङ-सप्तधारा हुँदै नगरपालिकाको सभाहलमा औपचारिक कार्यक्रम आयोजना गरी सप्ताहव्यापी अभियान सुरु भएको हो ।
अभियानले सवारी दुर्घटना न्यूनीकरण, सडक सुरक्षा र ट्राफिक नियम पालनासम्बन्धी सचेतना अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । जिल्लामा सवारी दुर्घटना न्यूनीकरण र ट्राफिक नियमको बारेमा व्यापक जनचेतना जगाउने गरि सप्ताह मनाउन सुरु गरिएको जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रमुख सुदीपराज पाठकले बताए । उनका अनुसार कोशी प्रदेशका १४ वटै जिल्लामा एकै साथ ट्राफिक सप्ताह सुरु गरिएको छ ।
सप्ताहलाई यात्रु, चालक र प्रहरीबिचको सम्बन्धलाई नजिक बनाउने, समुदाय-विद्यालय साझेदार कार्यक्रम सञ्चालन, सडक यात्रालाई सुरक्षित बनाउने र दुर्घटना न्यूनीकरणमा केन्द्रित गरिएको छ ।




ट्राफिक सप्ताहअन्तर्गत लामो दूरीका सवार साधनमा दुई जना चालक राख्ने नियमको कार्यान्वयनको अनुगमन गर्ने, सवारीसाधनमा सचेतनामूलक स्टिकर टाँस गर्ने, सर्वसाधारण र सरोकारवालालाई ट्राफिक सचेतना फैलाउने, पर्चा वितरण गर्ने, माइकिङ गर्ने, सवार साधनको भाडा अनुगमन गर्ने, यात्रु आरक्षण सिटको कार्यान्वयनबारे अनुगमन गर्ने, सडक प्रयोगसम्बन्धी चालक यात्रु र सर्वसाधारणलाई प्रशिक्षण गर्ने कार्यक्रम तय गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

कार्यक्रमका प्रमुख अतिथि तथा भोजपुर नगरपालिकाका प्रमुख कैलाशकुमार आलेले सवारी दुर्घटना न्यूनीकरणका लागि चालक, यात्रुको सकारात्मक सोच, ट्राफिक सचेतना, सवारीसाधनको मापदण्ड परीक्षणलगायतका बारेमा सबैमा सचेतनाको विकास हुन आवश्यक रहेको बताए ।
प्रभातफेरीपछि सभाहलमा भएको औपचारिक कार्यक्रममा भोजपुर नगरपालिकाका प्रमुख कैलाशकुमार आलेको प्रमुख आतिथ्य, प्रमुख जिल्ला अधिकारी नरबहादुर थापा, वडाध्यक्ष जयबहादुर तामाङ, सरोकारवाला कार्यालय, संघ संस्था, सगरमाथा अंग्रेजी बोर्डिङ, युपीए, विद्योदय माध्यमिक विद्यालय, सिटिइभिटिलगायत विद्यालयका शिक्षक, विद्यार्थी, सवारी चालक, स्थानीयलगायतको सहभागिता थियो ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा




सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd.
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने